# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## गोलबजार, सिरहा
## प्रदेश नं.- २, नेपाल

**हाटबजार ठेक्का सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/२१)

**पशु हाट वजारको सेवा शुल्क ठेक्काको बोलपत्र आह्वान सम्वन्धी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा भएको वित्तीय अधिकारक्षेत्र भित्र पर्ने पशु वजारको सेवा शुल्क आय शीर्षकमा आ.व.२०७७/०७८ को असाढ मसान्त सम्मको लागी प्रथम पटक मिति २०७७/०६/१३ गतेदोश्रो , पटक मिति २०७७/०७/२८ गते र तेश्रो पटक मिति २०७७/०८/२६ गते यस कार्यालयबाट बोलपत्रको सूचना प्रकाशित गरिएकोमा कुनै पनी ठेक्का खरिद एव दर्ता नभएको हुँदा उक्त न्युन्तम कबोल रकम संशोधन गरी देहाय बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुका अधिनमा रही यो सुचना प्रकाशित भएको ३० (तिस) दिन भित्र रीतपुर्वकको शिलवन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :–**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस)औं दिनसम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट वोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ ।
२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ३१ (एक्तिसौ)औं दिन दिनको १२:०० वजे सम्म खामी यस कार्यालयबाट खरिद गरिएको शिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० वजे उपस्थित वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ। उक्त समयमा वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।
३. वोलपत्र खरिद गर्ने,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।
४. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.वा.बैंक सिरहा स्थित च.हि.नं. ग–३–०३०२ (२१३०१००३०३०००००२) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ । धरौटी रकम वोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन ।

५. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।
६. ठेक्का अवधि आ.व.०७७।०७८ को २०७८ आषाढ मसान्त सम्म हुनेछ।
७. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
८. नगरपालिकाले प्रमाणित गरे वाहेकको रसिद प्रयोग गर्न पाइने छैन।
९. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली न.पा.कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको दर भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।
१०. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।
११. प्राप्त वोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१२. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा वुझाए वापत कार्यालयवाट कवोल अंकको दश प्रतिशत छुट दिइनेछ वा किस्तावन्दी गरेमा दुई किस्ता हुनेछ। तर सम्झौता गर्नु अगावै एक किस्ता बुझाउनु पर्ने छ र बाँकि अवधीको लागि दोस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा २०७८ साल श्रावण महिना मसान्त सम्मको बैंक ग्यारेण्टी (पर्फमेन्स वउण्ड) वा जमानत धितो पेश गरि पट्टा उठाउनु पर्नेछ।
१३. यसमा उल्लेखित वाहेक अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका वखत निर्धारित हुनेछन्।
१४. स्वीकृत ठेक्का अङ्कमा नियमानुसार लाग्ने कर नगरपालिकाले सोही रकमवाट बुझाउनेछ। बोलपत्र सम्वन्धी केही कुरा वुझन परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राखी वुझन सकिनेछ।
१५. पशु वजार ,वाख्रा वजार र गुदरी वजारवाट उठाउने सेवा शुल्क(वटी) वारे कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ। यस कार्यालयले आर्थिक ऐनमा तोकि दिएको भन्दा वढी सेवा शुल्क (वटी) लिन पाइने छैन साथै नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउन वाँकी रहेको व्यक्तीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरेको भए पनि ठेक्का स्वीकृत हुने छैन।

आ.व. ०७७।०७८ को हाट बजार ठेक्काको न्यनूतम रकम विवरण

| ठेक्काको नं. | बजारको नाम | न्यूनतम ठेक्का रकम वार्षिक ०७७।०७८ (कर सहित) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०३/२०७७।०७८ | पशु बजार | ३५,०४,७०७।- | ३०००।- | |

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा।